म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २० मंगलबार, ३ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 19 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## अवैध चाँदीको गहनासहित चाँदीलाल पक्राउ

हेटौंडा, २ भदौ/अवैध चाँदीको गरगहना सहित मकवानपुर प्रहरीले १ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा हेटौंडा-१० बसपार्कबाट भारतको मोतीहारी जिल्लाका ५२ वर्षीय चाँदीलाल साहलाई प्रहरीले पक्राउ गरेको हो ।

साहलाई शंका लागी खानतलासी गर्ने क्रममा भन्सार छली गरी ल्याइएको चाँदीको गरगहना फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । उनका अनुसार चाँदीको बजारमूल्य १ लाख ५८ हजार ३ सय ३२ रुपैयाँ रहेको छ । साहलाई नियन्त्रणमा लिई आवश्यक कारवाही तथा अनुसन्धानको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रहरीले जनाएको छ ।

### प्रेस युनियन विशेष अभियान सुरुः महासंघलाई फ्यान, सञ्चारिकालाई कुर्सी हस्तान्तरण

## पत्रकारिता पेशा खुकुरीको धारमा हिडेको जस्तै होः बुद्ध लामा

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/नेपाल प्रेस युनियन जिल्ला शाखा मकवानपुरले सोमबारदेखि सदस्यता विशेष अभियान सुरु गरेको छ ।

हेटौंडामा एकसय दिने सदस्यता विशेष अभियान सुरु गर्दै युनियन मकवानपुरले नेपाल पत्रकार महासंघ मकवानपुर शाखालाई ४ थान पंखा (फ्यान) र सञ्चारिका समूह नेपाल मकवानपुरलाई १० थान कुर्सी हस्तान्तरण गरेको हो । युनियनले एक सय दिने सदस्य विशेष अभियानको शुभारम्भसँगै सोमबार हेटौंडामा आयोजित कार्यक्रममा सामग्री हस्तान्तरण गरेको हो । नेपाल प्रेस युनियन मकवानपुरका उपाध्यक्ष कपिल खड्काको संयोजकत्वमा भएको हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाको प्रमुख आतिथ्यता थियो ।



कार्यक्रममा युनियन मकवानपुरका अध्यक्ष सुबास बिडारीले पत्रकारिता क्षेत्रका संघसंस्था र संगठनलाई सहयोग तथा प्रोत्साहन दिने कार्यलाई युनियनले सधैं प्राथमिकतामा राख्दै आएको बताए । 'यसले सञ्चारकर्मीबीच आपसी सद्भाव र सहकार्य अझ मजबुत हुने विश्वास हामीले गरेका छौं,' उनले भने । कांग्रेस सभापति लामाले प्रेस स्वतन्त्रता विरोधी कुनै पनि गतिविधि नेपाली काँग्रेसलाई स्वीकार्य नहुने स्पष्ट पारे । उनले पत्रकारिता पेशा खुकुरीको धारमा हिडेको जस्तै भएको टिप्पणी गरे ।

'जसको पक्षमा लेख्यो ऊ पनि सन्तुष्ट नहुने अनि जसको विपक्षमा लेख्या ऊ पनि सन्तुष्ट नहुने' उनले भने, ' समाजमा भएको विकृतिबारे लेख्दा एउटा पक्ष जोडिन्छ, नलेख्दा पीडितको कुरा कसले उठाइदिने भन्ने कुरा हुन्छ ।' पत्रकार बिनाको समाजको परिकल्पना गर्न नसकिने बताउँदै सभापति लामाले सूचनाविहीन अवस्था निरंकुश शासन व्यवस्थामा मात्र रहने धारणा राखे । संघीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउनुपर्ने आजको आवश्यकता भएको उनको भनाई छ ।

सभापति लामाले राजनीतिक नेतृत्वलाई खबरदारी गर्न र समाजलाई सही दिशामा मार्गनिर्देश गर्न पत्रकार हरुको भूमिका अहम हुने बताएका छन् । पत्रकारिता पेशा एक महत्वपूर्ण जिम्मेवारी भएको उल्लेख गर्दै सभापति लामाले देशमा रहेका विकृति रोक्ने सामर्थ्य पत्रकारमा मात्र रहेको बताए । उनले मर्यादित र सही ढंगले पत्रकारिता गर्न सबै संचारकर्मीलाई आग्रह गरे ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगरले पछिल्लो समय पत्रकार माथि प्रश्न उठ्ने गरेकोमा चिन्ता व्यक्त गरे । पत्रकारले सधैँ सत्ताको कुशल प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । प्रश्न उठाउने वातावरण पत्रकारबाटै सिर्जना भएको हो कि ? भन्ने आशंका जनाउँदै उनले पत्रकारिताको अनुशासन र दायराभित्र रहेर काम गर्न आग्रह गरे ।

पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले सरकारले प्रेस स्वतन्त्रतामा अंकुश लगाउने कार्य गरिरहेको भन्दै चिन्ता व्यक्त गरेका छन् । यस विषयमा सशक्तरुपमा आवाज उठाउनु पर्ने उनले बताए । पेशागत मर्यादालाई जोगाउन मर्यादित पत्रकारिता आजको आवश्यकता रहेकोमा उनको जोड थियो । पेशागत हकहित र सुरक्षाका विषयमा एकताबद्ध भएर अघि बढ्नु पर्नेमा जोड दिँदै अध्यक्ष अधिकारीले नेपालको संविधानले पूर्ण प्रेस स्वतन्त्रता प्रदान गरेको स्मरण गरेका छन् ।

कार्यक्रममा नेपाल प्रेस युनियन मकवानपुरका संस्थापक अध्यक्ष राममणि दाहाल, पूर्वकेन्द्रीय सदस्य गिरिजा अधिकारी, प्रदेश सदस्य गंगाप्रसाद पौडेल, पत्रकार महासंघ मकवानपुरका संस्थापक प्रदेश अध्यक्ष तथा वरिष्ठ पत्रकार प्रताप विष्ट, प्रदेश उपाध्यक्ष हरि हुमागाईं, अग्रज पत्रकार रामकुमार एलन, सञ्चारिका समूह नेपाल बागमती प्रदेश महासचिव नानीमैया सापकोटा र मकवानपुर अध्यक्ष निशा गुरुङलगायत पत्रकारको उपस्थिति रहेको थियो ।

मकवानपुरमा प्रेस युनियन श्रमजीवी पत्रकारहरुको हकहितको लागि आवाज उठाउने प्रमुख संस्थामध्ये एक हो । विभिन्न समयमा प्रेस युनियनको अन्य शाखामध्ये मकवानपुर शाखा चलायमान रहेको भन्दै बैठक तथा कार्यक्रममा केन्द्रीय समितिद्वारा प्रशंसित भएको छ ।

## प्रशासनिक पुनर्संरचना आवश्यकः आर्थिक मामिला मन्त्री तामाङ

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेशमा प्रशासनिक पुनर्संरचना आवश्यक रहेको बताएका छन् ।

उनले प्रदेशको समग्र विकासका लागि खर्च कटौती पनि एउटा माध्यम भएको बताए । नुवाकोटको विदुरमा सोमवार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री तामाङले दिगो विकासका लागि प्रशासनिक पुनर्संरचना, आवश्यकतामा आधारित विकास योजना कार्यान्वयन र समृद्ध प्रदेश निर्माण गर्नु बागमती प्रदेश सरकारको प्रमुख लक्ष्य रहेको बताएका छन् । भौतिक पूर्वाधारलाई रोजगारी र आयआर्जनसँग जोडेर पुनर्संरचना गरिने मन्त्री तामाङको भनाई छ । उनले एउटै जिल्लामा उस्तै र एकै प्रकृतिका कार्य गर्ने कार्यालय रहेकाले एउटैले गर्ने गरी योजना बनाइने बताए ।




भौतिक पूर्वाधारको विकाससँगै रोजगार, आयआर्जन, पर्यटन, शिक्षा र स्वास्थ्यलाई अवलम्बन गर्दै अगाडि बढ्ने तयारी भएको मन्त्री तामाङले बताए । असीमित चाहना र आवश्यकतालाई सीमित श्रोत र साधनबीच पुरा गर्न नसकिने भएका कारण वित्तीय व्यवस्थापनसमेत चुनौतीकारुपमा खडा भएको उनको दाबी छ । प्रदेशमा पूँजी सानो छ । तर, आवश्यकता धेरै छ, यसलाई अव समावेशीरुपमा समाधान गरिने उनले बताए । मन्त्री तामाङले आम्दानी र खर्चको सन्तुलनलाई सबै वर्ग, क्षेत्र र लिङ्गलाई सन्तुलनमा राखेर लैजाने उद्देश्य रहेको उल्लेख गरेका छन् । चालुखर्च वर्षेनि बढिरहेको अवस्थामा प्रदेशका कार्यान्वयन इकाईहरुको अव पुनर्संरचना गरिने उनले बताए ।

विकासको लक्ष्य प्राप्त गर्न, विकासलाई पर्यटनसँग जोड्न र विकासलाई रोजगारीसँग आबद्ध गराउन कृषि र पर्यटनलाई प्राथमिकता दिएर अगाडि बढ्ने लक्ष्य रहेको मन्त्री तामाङले प्रस्ट पारे । उनले अव वित्तीय व्यवस्थापनलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने बताए । खर्च घटाएर सेवा प्रवाहलाई प्रभावकारी बनाइने, प्रदेश सरकार लाई बजेट वितरण थलोको भाष्य सिर्जना भएकोमा त्यसलाई परिवर्तन गरिने उनले बताए ।

निकट भविष्यमै कानुन बनाएर सम्बन्धित क्षेत्रमै पुगेर माग र आवश्यकता बारेमा स्थलगत छलफल गरेर कार्य गरिने मन्त्री तामाङले उल्लेख गरे ।

## मिडिया काउन्सिल विधेयकबारे पत्रकार महासंघको ३४ बुँदे सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/नेपाल पत्रकार महासंघले हाल छलफल रहेको 'मिडिया काउन्सिल विधेयक, २०८२' का केही दफाहरु परिमार्जन गर्नुपर्ने मागसहित सुझाव पेस गरेको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिमा बुझाइएको ३४ बुँदे सुझावमा महासंघले प्रस्तावित विधेयकलाई सरकारी नियन्त्रणबाट मुक्त, स्वायत्त, स्वतन्त्र र व्यावसायिक पत्रकारिताको मर्मअनुसार बनाउनुपर्नेमा जोड दिएको छ । महासंघले विधेयकको नामदेखि काउन्सिलको संरचना, अध्यक्ष तथा सदस्यको नियुक्ति प्रक्रिया, योग्यता, काम कर्तव्य र अधिकारसम्मका दफामा संशोधन गर्नुपर्ने भन्दै सुझाव पेस गरेको हो । विधेयकको नाम 'आमसञ्चार परिषद्' नभई 'मिडिया काउन्सिल नेपाल' नै कायम गरिनुपर्ने महासंघको पहिलो सुझाव छ ।



'प्रेस काउन्सिलले अहिले पनि अनुगमनको काम गरिरहेको र मिडिया काउन्सिलको नामले नै नियामक निकाय भनेर सहजै बुझिने हुँदा नाममा सहजता कायम गर्नुपर्ने' महासंघको तर्क छ । विधेयकको प्रस्तावनामा 'नेपालको संविधानको प्रस्तावनामा उल्लेख भएको पूर्णप्रेस स्वतन्त्रताप्रति पूर्णप्रतिबद्ध रही' भन्ने वाक्यांश थप गर्नुपर्ने सुझाव दिएको छ । महासंघले काउन्सिलको गठन प्रक्रियालाई थप समावेशी र स्वतन्त्र बनाउन प्रस्ताव गरेको छ । दफा ६ मा रहेको काउन्सिल गठनसम्बन्धी व्यवस्थामा संघीय संसद्को प्रतिनिधिसभाका सभामुखले तोकेको एकजना र राष्ट्रियसभाका अध्यक्षले तोकेको एकजना सदस्य रहने व्यवस्था थप गर्न सुझाइएको छ ।

अध्यक्ष र सदस्य नियुक्तिको सिफारिस समितिको संरचनामा पनि महासंघले हेरफेर को प्रस्ताव गरेको छ । हालको विधेयकमा मन्त्रालयका सचिवको संयोजकत्वमा समिति रहने व्यवस्थाको सट्टा 'संघीय प्रतिनिधि सभाको सभामुखको संयोजकत्वमा सञ्चार तथा सूचना प्रविधिमन्त्री र नेपाल पत्रकार महासंघको अध्यक्ष रहने गरी तीन सदस्यीय सिफारिस समिति' गठन गर्नुपर्ने सुझाव दिएको छ । यस्तो व्यवस्थाले काउन्सिलको गरिमा कायम हुने र नियुक्ति प्रक्रिया स्वतन्त्र हुने महासंघको विश्वास छ ।

अध्यक्षको योग्यतामा 'सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता पुगेको' भन्ने वाक्यांशको सट्टा 'उच्च अदालतको अवकासप्राप्त मुख्य न्यायाधीश वा न्यायाधीश, वरिष्ठ अधिवक्ता' भन्ने वाक्यांश थप गर्न र अनुभवको अवधि १५ वर्षबाट बढाएर २० वर्ष पुऱ्याउनुपर्ने सुझाव छ । यसले काउन्सिलको गरिमा अझै बढ्ने महासंघको तर्क छ । सदस्यहरुको हकमा पनि अनुभवको अवधि १० वर्षबाट बढाएर १५ वर्ष पुऱ्याउन माग गरेको छ । महासंघले काउन्सिललाई स्वायत्त नियामक निकाय बनाउन सूचना तथा प्रसारण विभागको महानिर्देशक काउन्सिलको सचिव हुने हालको व्यवस्था खारेज गर्नुपर्ने जनाएको छ ।

यसको सट्टा खुला प्रतिस्पर्धाको आधारमा प्रमुख कार्यकारीअधिकृत नियुक्ति गरिनुपर्ने र सोही व्यक्ति सदस्य सचिवको भूमिकामा रहने व्यवस्था गर्न सुझाएको छ । काउन्सिलले आफ्नो वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत नेपाल सरकारलाई नभई सीधै राष्ट्रपतिसमक्ष पेसगर्न पाउनुपर्ने माग राखेको छ । महासंघले 'पारिश्रमिक लिई वा नलिई' भन्ने वाक्यांश हटाउन माग गरेको छ, किनभने यो श्रमजीवी पत्रकार ऐनविपरीत छ । पत्रकारलाई प्रेस प्रतिनिधि परिचयपत्र दिने व्यवस्था काउन्सिलले नभई आमसञ्चार प्राधिकरणजस्ता निकायले गर्नुपर्ने भन्दै विधेयकको दफा २७ हटाउन प्रस्ताव गरिएको छ ।



साझाकुरा

## हाम्रो कुरा

# पठन संस्कृति पुस्तकालय दिवस

पछिल्लो सयम पठन संस्कृतिमा ब्यापक संकुचन आएको छ । सामाजिक संजालका कारण पठन संस्कृतिमा संकुचन आएपछि पुराना र महत्वपूर्ण पुस्तकालय जीर्ण बनेका छन् । तर, सरकारले पुस्तकालय दिवस केवल झारा टार्ने प्रयोजन जस्तै गरी मनाइरहेको छ । पुस्तकालय दिवस मनाउनु भनेर निर्देशन जारी गर्ने भन्दा बढी उपलब्धी छैन । जनमुखी सहकर्मी रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगर पालिकामा जनताले 'थाहा पाउन' भनेर खोलिएका वर्षौ पुराना पुस्तकालय अलपत्र छ । थाहानगरभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । तर, 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो देखिँदैन । थाहा नगरसँग 'थाहा'को अर्थपूर्ण साइनो छ । यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो मेटाउने त होइन ? भन्ने चिन्ता यतिबेला थाहाका पुस्तकप्रेमीलाई परेको छ ।

मकवानपुरको उत्तरी ग्रामीणभेग थाहा नगरको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखरबजारको सूर्योदयलगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् । अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमी गुनासो गर्छन् । पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ । वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालयको अवस्था पनि नाजुक छ । यो पुस्तकालय मकवानपुरको पहिलो हो । २०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा तत्कालीन हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा नगरपालिकारोडमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जनपुस्तकालय पनि उस्तै हालतमा छ । हेटौंडाको पुरानो पुष्पलाल पार्कमा रहेको पुस्तकालय भने सञ्चालनमा छ । रुदानेले खोलेका पुस्तकालयको संरक्षण र नियमित सञ्चालनको जिम्मा थाहा नगरपालिकाले लिनुपर्नेमा त्यसको ठीक उल्टो भएको स्थानीय गुनासो गर्छन् । 'थाहा' आन्दोलनकै क्रममा उनले सामुदायिक पुस्कालय खोले । थाहा आन्दोलनको जगमा उभिएको थाहा नगरको वर्षौ पुराना पुस्तकालय अलपत्र र दयनीय अवस्थामा गुज्रिएका छन् । जीर्ण पुस्तकालयका किताबमा लागेको धमिराले रुदानेको 'थाहा' आन्दोलनलाई गिज्याइरहेको छ । पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय ३ दशकदेखि बन्द छ । पुस्तक धमिराले खाइसकेको छ । यो पुस्तकालय भवन टेको लगाएर राखिएको छ । रुपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ साल पश्चात् पूर्णरुपमा बन्द भयो । पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुलिया लागेका केही पुस्तहरु मात्र छन् । बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले चरचरी चर्काएको भवन ढल्ने अवस्थामा पुगेको छ भने पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् ।

रुपचन्द्रले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी बताउँछन् । शिखरकोटमा पनि रुपचन्द्रले नवजागृत पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । थाहा नगरको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । सरकारले पुस्तकालय दिवस मनाउने भनिरहँदा थाहा नगरपालिका मात्र नभई मकवानपुरमा रहेका पुराना पुस्तकालयहरुको अवस्था दयनीय छ । विद्यालयमा स्थापना गरिएका पुस्तकालयमा पनि धमिरा लागेको अवस्था छ । बालबालिकाले मोवाइललाई माया गर्न थालेपछि विद्यालयका पुस्तकालय धमिराको बासस्थान बनेको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ४ गते बिहीबार २० अगष्ट २०२५ । द्वादशी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३७, सूर्यास्त ६:३५।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# नेपालका कानुनले नचिनेका र राज्यले नदेखेका एकल आमाहरू



✍ धना ओड

नेपालमा एकल महिलाको संख्या बर्सेनि बढ्दै छ । राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) का अनुसार देशका कुल घर-परिवारमध्ये १२ प्रतिशतमा विधवा महिला र दुई प्रतिशत अन्य एकल महिला (सम्बन्धविच्छेद, छुट्टिएर बस्ने वा अविवाहित) गरी जम्मा १४ प्रतिशतमा एकल महिला रहेका छन् । यस तथ्याङ्कको सतहमुनि हजारौँ महिला छन्, जो श्रीमान्को असहयोग, हिंसा वा विश्वासघात सहन नसकेर अलग बस्न थालेका छन् तर कानुनी मान्यता नपाउँदा उनीहरू न 'एकल महिला'को परिभाषाभित्र पर्छन् न त राज्यका नीतिहरूमै । उनीहरू सरकारी आँकडामा नदेखिने, कानुनी परिभाषामा नअट्ने र सामाजिक सुरक्षाबाट वञ्चित हुने अदृश्य समूह हुन् । कानुनले नचिनेका कारण एकल महिलाका लागि राज्यले व्यवस्था गरेको अधिकार, सामाजिक सुरक्षा, सरकारी सुविधा र मनोसामाजिक सहयोगबाट उनीहरू वञ्चित छन् ।

'एकल महिला सुरक्षा कोष सञ्चालन नियमावली २०७०' र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन २०७८ ले विधवा, ३५ वर्षभन्दा माथिका अविवाहित, कानुनी रूपमा सम्बन्धविच्छेद भएका वा सम्बन्धविच्छेद नभए पनि कानुनी रूपमा मानो-चामल लिएर वा अंश बुझी श्रीमान्सँग छुट्टिएर बसेका र पाँच वर्षभन्दा बढी समयदेखि बेपत्ता पतिका पत्नीलाई मात्र 'एकल महिला' भनेर परिभाषित गरेको छ । कानुनी प्रक्रिया सुरु नगरेका तर व्यवहारमा पूर्ण रूपमा एकल आमाको भूमिका निभाइरहेका महिलाहरू यो दायराबाट बाहिर छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार करिब ९.८ मिलियन बालबालिकामध्ये १.७ मिलियन (१८.१ प्रतिशत) एकल अभिभावकसँग बस्छन्, जसमा १७.१ प्रतिशत एकल आमासँग र १ प्रतिशत एकल बाबुसँग छन् । यद्यपि कानुनी रूपमा नछुट्टीकन वर्षौंदेखि अलग जीवन बिताउँदै एकल अभिभावकको भूमिका निर्वाह गरिरहेका आमाहरूको अवस्था सामाजिक र कानुनी दृष्टिकोणबाट निकै जटिल छ । कानुनी संरचना अनुसार यिनीहरुको एकल महिलामा गणना नभएकाले विस्तृत तथ्याङ्क आउन सकेको छैन ।

यस अध्ययनमा सहभागी सबै एकल आमाहरू स्वावलम्बी थिए । व्यवसाय, रोजगारी वा अन्य माध्यमबाट आफ्नै जीविकोपार्जन गर्दै बच्चाहरूको लालनपालन, शिक्षादीक्षा गर्दै आएका थिए । आफ्नै मेहनतले सम्पत्ति जोडेका थुप्रै छन् तर अहिले सम्बन्धविच्छेद गर्दा श्रीमान्ले बराबरी हिस्साको दाबी गर्न सक्ने कानुनी प्रावधान रहेका कारण धेरै महिलाहरू सम्बन्धविच्छेदको कानुनी बाटोमा जान नसकेको यो अध्ययनले देखाएको छ । विकराल समस्याका बाबजुद पनि यी आमाहरू कानुनी रूपमा सम्बन्धविच्छेद गर्न सकिरहेका छैनन् । जसको मुख्य कारण विद्यमान कानुनी व्यवस्थाले सम्बन्धविच्छेदलाई जटिल, खर्चिलो, असमान र महिलाका लागि अन्यायपूर्ण बनाएको छ ।

देवानी संहिता २०७५ अनुसार सम्बन्धविच्छेदअघि पति-पत्नीबिच अंशबन्डा गर्नुपर्छ, चाहे सम्पत्ति कुनै एकको मेहनतले जोडेको किन नहोस् । यसले आफ्नो कमाइमा श्रीमानले दाबी गर्न सक्ने डरले धेरै महिलालाई कानुनी बाटोबाट टाढा राख्छ । एक सहभागी आमाले भनिन्, 'मैले ऋण लिएर घर बनाएकी हुँ । छुट्टिएँ भने कानुनअनुसार उसलाई पनि अंश दिनुपर्छ, जुन सरासर अन्याय हो ।' अर्की आमा थप्छिन्, 'श्रीमान्को चरित्र र व्यवहार सहन नसकेर अलग बस्न थालेकी हुँ तर कानुनले मेरो पीडा र सैर्ष देख्दैन । जसले आफ्नो सम्पत्ति र माइला ठाउँ घुमेर र केटीहरूसँग बसेर उडायो, उसकै नाममा सबै पुर्ख्यौली सम्पत्ति सुरक्षित छ । मचाहिँ वर्षौंको मेहनतले कमाएको सम्पत्ति समेत बाँड्न बाध्य ? त्योभन्दा बरु चुपचाप सहेर बाँच्नु नै सहज लाग्छ ।'

यी महिलाको वैवाहिक जीवन कानुनी रूपमा नछुट्टिएको भए पनि व्यवहारत: टुङ्गिएको छ तर यो कानुनी व्यवस्थाले महिलालाई कानुनी बाटो रोज्न हतोत्साहित गर्छ । जिम्मेवारी नलिने पतिलाई बराबरी हिस्सा दिने व्यवस्थाले पीडित महिलाहरू झनै मारमा परेका छन् । यस अध्ययनमा सहभागी आमाहरूले भोग्दै आएका प्रमुख कानुनी अड्चन र चुनौतीहरू यस प्रकार छन् : नेपालको संविधानले महिला र पुरुषलाई अंश र वंशमा समान अधिकारको व्यवस्था गरेको छ । यद्यपि देवानी संहिता २०७५ मा यो समानताको भावना प्रतिविम्बित भएको देखिँदैन । संहिताले विगतको मुलुकी ऐनको व्यवस्थालाई निरन्तरता दिँदै महिलालाई मुख्यत: पतिबाट मात्र सम्पत्ति प्राप्त गर्न सक्ने अधिकारलाई मान्यता दिएको छ ।

हाम्रो परम्परागत मान्यता अनुसार विवाहपछि महिला श्रीमान्को वंशमा प्रवेश गर्छिन्, शारीरिक र आर्थिक रूपमा पनि श्रीमान्सँगै बस्छिन्, त्यसैले केवल श्रीमान्बाट मात्रै सम्पत्ति प्राप्त गर्ने अधिकार राख्छिन् भन्ने मानसिकताबाट यो कानुन निर्देशित छ । यस मानसिकताले महिलालाई आफ्नो पैतृक सम्पत्तिमा पहुँचबाट टाढा राख्दै आएको छ । खासमा यो कानुन महिलाका हक र अधिकारको संरक्षण गर्ने मानसिकताले बनाइएको देखिन्छ । महिलाले सम्पत्ति कमाउनमा योगदान गर्न सक्दैनन्, त्यसैले सम्पत्ति र आर्थिक अधिकारबाट वञ्चित होलान् भनेर यस कानुनमा पतिको सम्पत्तिबाट महिलाले अंश पाउने व्यवस्था गरियो । दु:ख गरेर कमाउने, सम्पत्ति जोडेका महिला र पुरुषहरू दुवैलाई समस्या पारेकाले मानव अधिकार र समानताको दृष्टिकोणबाट अहिलेको अवस्थामा यो कानुन त्रुटिपूर्ण छ ।

देवानी संहिता दफा ९९ (१) अनुसार पतिका कारणले पति-पत्नीबिच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नुअघि पति-पत्नीबिच अंशबन्डा गर्न लगाउनुपर्नेछ । यस्तै, उपदफा (३) अनुसार सगोलको सम्पत्ति पति-पत्नी दुवैको नाममा वा पति-पत्नीमध्ये कुनै एकको नाममा रहेको भए, सम्बन्धविच्छेद गर्नुअघि पक्षहरूबिच कानुनबमोजिम त्यस्तो सम्पत्तिको अंशबन्डा गर्नुपर्नेछ । यस व्यवस्थाले महिलाहरू आफैँ पनि स्वावलम्बी हुन्छन्, कमाइ गर्न सक्छन् भन्ने दृष्टिकोणलाई पर्याप्त रूपमा विचार नै गरेको छैन । अहिलेको समाजमा हेर्दा इमानदार, दु:ख गरेर कमाइरहेका महिलाको संख्या ठुलो छ । तिनै महिलाले श्रीमानबाट अनेक समस्या भोगिरहेका छन् । यस्ता महिलाहरूले न पैतृक सम्पत्ति प्राप्त गर्न सकेका छन्, न त श्रीमान्को सम्पत्ति नै । सम्बन्धविच्छेद हुँदा उल्टै आफैँले मेहनत गरेर कमाएको सम्पत्ति पनि गैरजिम्मेवार श्रीमान्लाई (पैतृक वा स्वआर्जन सम्पत्ति नभएका श्रीमान्हरूको हकमा) बाँड्नुपर्ने कि त श्रीमान्ले जति दु:ख दिए पनि सहनुपर्ने अवस्था सिर्जना भएको छ । दु:ख गरी कमाउने इमानदार पुरुषको हकमा पनि त्यही समस्या परेको छ । यो कानुन पैतृक सम्पत्तिमा मात्र केन्द्रित भई क्षतिपूर्ति र भरणपोषणका बारेमा खासै व्यवस्था नभएकाले खालि सम्पत्ति ताकेर बिहे गर्नेहरूलाई बढी फलदायी भएको देखिन्छ । यता दु:ख गरी कमाउने महिला-पुरुष जो-कोहीलाई मर्कामा पारेको छ ।

दफा ९४ अनुसार महिलाका कारण सम्बन्धविच्छेद हुने भए । जस्तो कि खान-लाउन नदिएको, श्रीमान्लाई घरबाट निकालेको, अङ्गभङ्ग गरेको, अर्कोसँग शारीरिक सम्पर्क गरेको अवस्थामा पतिले डिभोर्स गर्दा सम्पत्ति दिनुनपर्ने र मुलुकी देवानी संहिता- १०० र १०१ अनुसार श्रीमतीले कुनै पनि कारणले विवाह नगरी मानो चामलसहित अंश लिई बस्ने निर्णय गर्दा श्रीमान्ले अंशबापत श्रीमतीलाई सम्पत्ति बाँडफाँड गरेको अवस्थामा श्रीमान्ले अर्को विवाह गर्न सक्ने अधिकार छ । श्रीमतीले अर्को बिहे गरेको अवस्थामा श्रीमान्लाई सम्पत्ति फिर्ता गर्नुपर्ने, भरणपोषण दिनुनपर्ने विभेदकारी व्यवस्था गरेको छ तर शारीरिक वा मानसिक अत्याचार सहन नसकी डिभोर्स दिनपर्दा महिलाले आफ्नो एक्लो प्रयासले कमाएको सम्पत्तिका सम्बन्धमा कहीँकतै के गर्ने भन्नेबारे कानुन बोलेको छैन । त्यसैले यो व्यवस्था आफैँमा विभेदकारी छ । व्यावहारिक धरातलमा हेर्दा श्रीमतीलाई श्रीमान् र उसको परिवारले राजीखुसीले सम्पत्ति दिने कुरै हुँदैन । बाध्यात्मक रूपमा कानुनी मुद्दा लडेर सम्पत्ति प्राप्त गरेको स्थितिमा महिलालाई सामाजिक मूल्य-मान्यता, संस्कार र छोराछोरीको जिम्मेवारी सम्हाल्नुपर्ने हुन्छ । अनि श्रीमान्ले अर्को बिहे गरेको चुप लागेर सहनुपर्ने बाध्यता सिर्जना हुन्छ ।

महिलाहरूले पैतृक सम्पत्तिमा जन्मसिद्ध अधिकार (विवाह भएको वा नभएको, दुवै अवस्थामा) र श्रीमान्को सम्पत्ति (विवाहपश्चात् महिलाले श्रीमान्को सम्पत्तिमा हक राख्छन् । डिभोर्स भएमा, श्रीमान्को सम्पत्तिबाट महिलाले न्यायोचित हिस्सा पाउने कानुनी व्यवस्था छ) गरी दुई किसिमले सम्पत्ति पाउने कानुनी व्यवस्था छ । संविधानले महिलाहरूलाई पैतृक सम्पत्तिमा जन्मसिद्ध समान अधिकारको व्यवस्था गरे पनि सामाजिक सोच र सांस्कृतिक बाध्यताका कारण महिलाहरूले आफ्नो अधिकार प्रयोग गर्न कठिनाइ भोगिरहेका छन् । त्यसमाथि पनि विवाहपछिको अवस्थामा महिलाहरूले 'दोहोरो सम्पत्ति पायो' भनेर हेर्ने प्रवृत्ति र महिलाहरूलाई अधिकार बढी भएको छ भन्ने गलत धारणा फैलाइएको छ, जसले गर्दा महिलाको हकलाई हतोत्साहित पार्न कानुनी विवादको आधार नै बनेको छ । परिणामस्वरूप अंशसम्बन्धी मुद्दामा महिलाहरूले आफ्नो हक गुमाउने गरेका छन् । त्यसमा पनि प्राय: २०७२ सालको संविधान वा कानुनी व्यवस्थाको प्रभावकारिताभन्दा अघि विवाह भएका महिलाका लागि झन् बढी चुनौतीपूर्ण छ ।

जब पतिको सम्पत्ति पत्नीलाई बाँड्नुपर्ने अवस्था आउँछ, परिवारका सबै सदस्य मिलेर सबै अंशियारलाई समेटेर सम्पत्ति बाँडफाँट गरिन्छ । त्यस्तो अवस्थामा महिलाहरूलाई 'नाम मात्रको हिस्सा' दिने प्रचलन छ । यता श्रीमतीले पहिले श्रीमान्को सम्पत्ति कहाँ छ, के छ भन्ने चासो राखेका हुँदैनन् । पछि गएर आफ्नो अधिकारको खोजी गर्दा सम्पत्ति विवरण, कित्ता वा सटीक जानकारी पाउन र कसैले सम्पत्ति लुकाएको वा दबाएको छ भने त्यसको प्रमाण जुटाउनै कठिन हुन्छ । अन्ततोगत्वा कानुनी प्रक्रिया अघि बढाउनै सक्दैनन् र थोरै सम्पत्ति, धेरै जिम्मेवारी हात लाग्छ । तसर्थ महिलाहरूको सम्पत्तिको अधिकारको सुनिश्चितता गर्न प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

महिलाहरूलाई अदालत शुल्क, वडाबाट सिफारिस ल्याउनै सास्ती मात्र होइन, झन्झटिलो, महँगो, समय खपत हुने कानुनी प्रक्रिया छ । त्यसमाथि सरकारी अधिकारीहरूमा पुरुष बढी छन् । अन्य निर्णय प्रक्रियामा सहभागी पक्षहरूमा पनि पुरुषकै प्रभुत्व हुन्छ । यस्तो असमानतासँगै असंवेदनशील र असहयोगी व्यवहारका कारण मैत्रीपूर्ण वातावरणको अभावमा महिलाहरूले मुद्दा लड्न जान आँट गर्दैनन् । केही गरी कोही बाध्य भएर मुद्दा हाले पनि महिलाले हारेका उदाहरण प्रशस्त भेटिन्छन् । समाज र राज्यको लैङ्गिक समानताको दृष्टिकोणमा अझै पनि महिलालाई 'बिचरा', 'असहाय' भनेर हेर्ने प्रवृत्तिले महिलाको स्वतन्त्रता र अधिकारलाई कमजोर बनाइएको छ । जसले गर्दा महिला सशक्तीकरणमा कमी र महिलाहरूले निर्णय लिने मामिलामा अझै पनि समस्या रहेको छ ।

यस अध्ययनमा सहभागी अधिकांश महिलाहरूको अनुभवले देखाउँछ कि उनीहरूलाई श्रीमान्ले धोका दिई अर्की महिलासँग 'लिभिङ टुगेदर' सम्बन्ध कायम गरेका छन् । यद्यपि नेपालको देवानी अपराध संहिता २०७४ ले बहुविवाहलाई अपराध मानेको छ, जसअनुसार वैवाहिक सम्बन्ध कायम रहँदै अर्को विवाह गरेमा त्यो विवाह स्वत: बदर हुन्छ, तर यो प्रावधानले लिभिङ टुगेदर सम्बन्धलाई छुँदैन । लिभिङ टुगेदर वा लुकिछिपी कायम राखिएको सम्बन्धका बारेमा भने स्पष्ट कानुनी प्रावधान नै छैन । बहुविवाहको मुद्दा दर्ता गर्न पीडितले पर्याप्त प्रमाण पेस गर्नुपर्छ, तर लिभिङ टुगेदरमा बस्ने जोडीबारे प्रमाण सङ्कलन कठिन हुने भएकाले कानुनी कारबाही अघि बढाउन सकिँदैन । एक सहभागी आमाले भनिन्, 'श्रीमान् अर्कैसँग बस्न थाले, तर कानुनले प्रमाण माग्छ । मसँग न फोटो छ, न त भिडियो । त्यसैले मुद्दा दर्ता नै गर्न सकिनँ ।' सबै सहभागीको अनुभव एउटै थियो– अतिरिक्त वैवाहिक सम्बन्धको प्रमाण जुटाउन सकिँदैन, जसले गर्दा कानुनी कारबाही अघि बढाउन असम्भवजस्तै देखिन्छ । यसले अनुसन्धान निकायको प्रभावकारिता र पीडितमैत्री प्रमाण सङ्कलन प्रणालीको आवश्यकता औँल्याउँछ ।

विवाह नगरी सम्बन्धमा बस्ने वा सन्तान जन्माउने कुरा व्यक्तिगत स्वतन्त्रताको विषय हो, तर नेपालजस्तो समाजमा विवाहबाहेकका सम्बन्धलाई नकारात्मक रूपमा हेर्ने प्रवृत्ति बलियो छ । यद्यपि कानुनले अप्रत्यक्ष रूपमा लिभिङ टुगेदरलाई सहज बनाएको देखिन्छ । बहुविवाहको कानुनी व्यवस्थाले केवल विवाह दर्तालाई मात्र छेकेको छ । यस्तो अवस्थामा अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिलाहरूका लागि मुख्य समस्या भनेको विवाह दर्ता गर्न मात्र कठिन हो तर त्योबाहेक सन्तान जन्माउन, जन्मदर्ता र 'जन्मजात अधिकार' सुनिश्चित गर्नका साथै छड्के बाटोबाट संयुक्त सम्पत्ति जोड्न खासै कठिनाइ नै छैन ।

यस अवस्थाले केही पुरुषलाई 'श्रीमतीसँग सम्बन्धविच्छेद नगरीकन बाहिर अर्को सम्बन्ध राख्ने, सन्तान जन्माउने र सम्पत्ति जोड्ने' मानसिकतामा प्रोत्साहित गरेको देखिन्छ । अर्कोतर्फ लिभिङ टुगेदरमा बस्ने महिलाले विवाहपछि आउने कानुनी-सामाजिक दायित्व र श्रीमान्को अन्य परिवारको जिम्मेवारी लिनुनपर्ने, हिंसा वा शोषणको जोखिमबाट बच्दै पनि यौनसन्तुष्टि, सन्तान जन्माउने र सम्पत्ति जोड्न सक्ने भएकाले यस प्रवृत्तिले विवाहजस्तो परम्परागत संस्थागत संरचनामा चुनौती दिएको छह लिभिङ टुगेदरमा बस्नेहरूको संख्या बढ्दो छ । विधिवत् श्रीमतीका रूपमा घरमा रहेका महिलाहरूले घरेलु हिंसाको सिकार भए पनि स्पष्ट कानुनी प्रावधानको अभावले कानुनी लडाइँ लड्न कठिनाइ भोगिरहेका छन् ।

सरकारले बहुविवाहको निषेधसम्बन्धी कानुनी प्रावधान केही अवस्थामा खुकुलो बनाएको अवस्थामा यो समस्या अझ गहिरिन सक्ने खतरा छ । यस्तो प्रावधानले लुकिछिपी वा अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिला-पुरुषलाई कानुनी मान्यता दिलाउने सम्भावना बढाउँछ, जसले यस्ता हजारौँ महिलाहरू र उनीहरूका सन्तानलाई थप अन्यायमा पार्नेछ । कानुनले खुलेर दोस्रो विवाहलाई प्रश्रय दियो भने 'श्रीमतीसँग मन मिलेन' भन्ने साधारण बहानामा थुप्रै महिलाहरू घर-परिवारबाट विस्थापित हुनेछन् । यसरी घरबार उजाडिनु, सन्तान टुहुरा बन्नु र महिलाहरू सामाजिक तथा आर्थिक रूपमा झनै कमजोर स्थितिमा धकेलिनेछन् । यस्तो अवस्थामा जिम्मेवारी कसले लिने ? यस समस्याको समाधान गर्न बहुविवाहलाई कानुनी रूपमा सहज बनाउनेतर्फ होइन, बरु वैवाहिक सम्बन्धमा रहेका महिलाको अधिकार संरक्षण गर्न, पति-पत्नी दुवैको उत्तर दायित्व सुनिश्चित गर्न र कानुनी प्रक्रियालाई सरल, पीडितमैत्री तथा प्रमाण-सङ्कलनको दृष्टिले व्यावहारिक बनाउनतर्फ केन्द्रित हुनुपर्छ । यी महिलाको पीडा बुझेर कानुनी मान्यता दिने, सम्पत्ति अधिकार सुरक्षित गर्ने, सामाजिक सुरक्षा सुनिश्चित गर्ने समय आएको छ ।

*(साभार: अनलाइनखबर)*

# धार्मिक पर्यटकीय गन्तव्यस्थल: पौलस्त्य-पुलहाश्रम

✍ प्रताप बानिया

म्याग्दीको बेनी नगरपालिका-५, पुलाचौरको पुलाडाँडास्थित पछैमा रहेको धार्मिक पर्यटकीय स्थल पौलस्त्य-पुलहाश्रम क्षेत्र धार्मिक पर्यटनको गन्तव्य बन्दै जान थालेको छ । म्याग्दी सदरमुकाम बेनीबजारदेखि नजिकमा अवस्थित धार्मिक तथा पर्यटकीय क्षेत्र पछिल्लो समय धार्मिक पर्यटन आकर्षणको केन्द्र बनेको हो । संघ सरकार तथा बेनी नगरपालिकाको साझेदारीमा पुलहाश्रम क्षेत्रमा रावण-पार्क निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । पुलहाश्रम पौराणिक स्थल पनि हो । यस क्षेत्रलाई पुलस्त्य र पुलह ऋषिको तपोभूमिको रुपमा मानिन्छ । पुलहाश्रम क्षेत्रबाट संसारको सातौं अग्लो चुचुरो धौलागिरि, दशौं अग्लो चुचुरो अन्नपूर्ण, निलगिरि, माछापुच्छ्रेलगायत मनोरम हिमशृंखलाको आकर्षक दृश्यहरु अवलोकन गर्न सकिन्छ ।

पौलस्त्य-पुलहाश्रम सदरमुकाम बेनीदेखि पश्चिम-उत्तरमा समुद्री सतहबाट १ हजार ५ सय ३० मिटरको उचाइमा पर्दछ । यहाँ पुलह, पुलस्त्य, कपिल र जडभरत ऋषिले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता रहेको छ । पुलह, पुलतस्य र भरत ऋषिले पछैमा तपस्या गरेको श्रीमद्भागवत् महापुराणको पञ्चमस्कन्धको आठौं अध्यायमा उल्लेख गरिएको पाइन्छ । यस ठाउँमा तिनै ऋषिहरुले त्रेतायुगमा हवन गरेको चरु आजपर्यन्त पनि भेटिन्छ । पौलस्त्य-पुलहाश्रम क्षेत्रको दर्शन गर्न जानेहरु त्यही चरुको खोजी गरी निधारमा त्यसको तिलक टीका लगाउने गर्दछन् ।

बेनीबजारबाट सवारीसाधनमा ३० मिनेटको यात्रा गरेपछि पछै पुग्न सकिन्छ । बेनी-अर्थुङ्गे-बाँसबोट-एकपाटे हुँदै पुरुण्डीसम्मको सडक गतवर्ष कालोपत्रे र ढलान भएको छ । पुरुण्डीबाट करिब दुई किलोमिटर कच्ची सडकको यात्रा गरेपछि पुलहाश्रम क्षेत्रमा पुग्न सकिन्छ । यस क्षेत्रलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने उद्देश्यले बेनी नगरपालिकाले पुलहाश्रमनजिकै रावण-पार्क निर्माण गरेको छ । प्रशिद्ध गलेश्वरधाम शिवालय र कपिलाश्रमदेखि नजिकमा पर्ने पुलस्त्य पुलह क्षेत्रमा भारतीय हिन्दु पर्यटकलाई आकर्षित गर्न सकेमा यहाँ बर्सेनि हजारौंको संख्यामा पर्यटकहरु भित्र्याउन सकिने सम्भावनासमेत देखिन्छ।

पौलस्त्य-पुलहाश्रम क्षेत्रमा आगामी दिनमा पुलस्त्य र पुलह ऋषिको समेत मूर्ति बनाउने तथा ऋषिपार्क निर्माण गर्ने योजना रहेको बेनी नगरपालिकाका नगर प्रमुख सुरत केसीले बताउनुभयो । ऐतिहासिक र धार्मिक महत्वको पौलस्त्य-पुलहाश्रम क्षेत्रमा सहजरूपमा आवतजावतका लागि सडक विस्तार तथा स्तरोन्नतिलगायत पूर्वाधार विकासमा बेनी नगरपालिकामार्फत जोड दिइएको उहाँले जानकारी दिनुभयो । पौलस्त्य-पुलहाश्रम क्षेत्र बेनी नगरपालिकाभित्र रहेका धार्मिक स्थलहरुमध्ये एक र प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको छ ।

पुलस्त्य पुलह क्षेत्र विकास कोषका अध्यक्ष लीलाबहादुर बानियाँले पौलस्त्य-पुलहाश्रम क्षेत्रको विकास र प्रवर्द्धन गर्नका लागि झन्डै ३० करोड रुपैयाँ बराबरको लागत अनुमान गरेर डीपीआरसमेत बनाई आवश्यक पूर्वाधारहरुको निर्माण गर्न बेनी नगरपालिका, गण्डकी प्रदेश र सैंघ सरकारमा अनुरोध गरिएको बताउनुभयो । धार्मिक पर्यटनको प्रबल सम्भावना बोकेको पुलहाश्रम क्षेत्रको पर्यटन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचनाहरु निर्माण गर्न स्थानीयवासीले माग गरेका छन् ।

रामायण कथामा 'खल'पात्रको रुपमा परिचित रावणको जन्मभूमि मानिएको एवं हिन्दुहरुको पवित्र धार्मिक ग्रन्थ श्रीमद्भागवत् महापुराणमा उल्लेख गरिएका विश्वका अति पवित्र १५ वटा धार्मिक तीर्थस्थलमध्य म्याग्दीको पौलस्त्य-पुलहाश्रम पनि एक हो । श्रीमद्भागवत महापुराणमा कुरुक्षेत्र, गया, प्रयाग, पुलस्त्य-पुलहाश्रम, नैमिषारण्य, फाल्गुतीर्थ, रामेश्वरम्, प्रभाष, कुशस्थली, वाराणसी, मधुपुरी, पम्पासरोवर, नारायणाश्रम, विन्दुसरोवर र सीताराम आश्रमलाई पवित्र तीर्थस्थलको रुपमा उल्लेख गरिएको छ। पुराणप्रसिद्ध तीन ऋषिहरु पुलह, पुलस्त्य र विश्रवा म्याग्दीको पुलाचौरस्थित पछैमा अध्ययन तथा चिन्तनमनन गर्दै बसेको पुराणमा उल्लेख छ । पुराणका अनुसार ऋषि पुलहका नाति विश्रवा ऋषिका छोरा रावणको जन्म यही पुलस्त्य आश्रममा भएको थियो । उनी जन्मेपछि हुर्के, बढेको ठाउँ पनि पुलस्त्य आश्रम नै भएको पुराणमा उल्लेख छ ।

*(साभार: न्यूज अफ नेपाल)*

अन्तरवार्ता

# आईटी पढ्नेका लागि हेटौंडा सिटी कलेज उत्तम गन्तव्य: प्रिन्सिपल कार्की

मकवानपुरमा सूचना-प्रविधि (आईटी) शिक्षा प्रदान गर्ने उद्देश्यसहित स्थापना गरिएको हेटौंडा सिटी कलेज २०७० सालदेखि निरन्तर शिक्षण/अध्यापन गर्दै आएको छ । जिल्लाकै पहिलो आइटी कलेजको रुपमा चिनिने यस कलेजले स्थानीय विद्यार्थीलाई आफ्नै क्षेत्रमा गुणस्तरीय शिक्षा उपलब्ध गराउँदै आएको छ । हेटौंडा उपमहानगरपालिका-५, पिप्लेस्थित कलेजले हालसम्म बिएससिसीएसआईटी, बिसिए र बिबिएस कार्यक्रम सञ्चालन गर्दै आएको छ । कम्प्युटर र प्रविधिमैत्री शिक्षासँगै व्यवस्थापन क्षेत्रमा विद्यार्थीलाई आकर्षित गर्दै आएको यस कलेजमा मकवानपुरका साथै आसपासका जिल्लाबाट पनि विद्यार्थी पढ्न आउने गरेका छन् ।

प्रिन्सिपल श्रीबहादुर कार्कीका अनुसार, कलेज स्थापनाको सुरुवाती दिनमै 'गुणस्तरीय शिक्षा र व्यावहारिक अभ्यास'लाई प्रमुख आधार बनाइएकाले विद्यार्थीको आकर्षण वर्षेनी बढ्दो छ । 'हामीले स्थापना दिवसदेखि नै स्थानीय तहमा स्तरीय आइटी शिक्षा उपलब्ध गराइरहेका छौँ । हाल बिएससीसीएसआईटी, बिसिए र बिबिएस कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन छन्,' उनले साझाकुरासँगको कुराकानीमा बताए । कार्कीका अनुसार कलेजमा कम्प्युटर ल्याब, इन्टरनेट सुविधालाई निरन्तर प्रोत्साहन दिइएको छ । यसले गर्दा स्नातकपछि विद्यार्थीलाई रोजगारी तथा उद्यमशीलतामा अवसर पाउन सहज भएको उनले बताए । यसै सन्दर्भमा ***साझाकुराकर्मी मनिल महतो*** ले प्रिन्सिपल कार्कीसँग गरिएको कुराकानीको सम्पादित अंश ।

***१. १२ कक्षा उत्तीर्ण भइसकेका विद्यार्थीले हेटौंडा सिटी कलेजमा कुन कुन विषयमा अध्ययन गर्न पाउँछन् ?***

☞ सर्वप्रथम त हेटौंडा सिटी कलेजको तर्फबाट १२ कक्षा उत्तीर्ण भएका विद्यार्थीलाई बधाई ज्ञापन गर्न चाहन्छु । साथसाथै स्वागत जनाउन चाहन्छु । हेटौंडा सिटी कलेजमा विशेषत: ३ वटा कार्यक्रम बिएससिसीएसआईटी, बिसिए र बिबिएसको पढाई हुन्छ । हेटौडा सिटी कलेज मकवानपुरको पहिलो आइटी कलेजको रुपमा स्थापना भएकोले अब आइटी पढ्नको लागि भरतपुर र काठमाडौं पलायन हुन पर्दैन । हेटौंडामै आइटीको राम्रो कलेज स्थापना भएको छ ।

***२. विगतमा यी तीन वटा कार्यक्रममध्ये कुन चाहिँमा विद्यार्थीको आकर्षण धेरै देखिएको थियो ?***

☞ यो कलेज २०७० मा स्थापना भएपश्चात् विद्यार्थीको आकर्षण मुलत: २ वटा कार्यक्रममा भएको देखिन्छ । त्यो भनेको बिएससिसीएस आईटी, बिसिए । बिएससिसीएस आईटी पढ्नको लागि कक्षा ११ र १२ मा विज्ञान संकाय लिएर कक्षा १२ उत्तीर्ण भएको हुनुपर्छ भने न्युनतम जिपिए २ आएको हुनुपर्छ । त्यसैगरी विसिएको लागि जुनसुकै संकायमा अध्ययन गरेपछि कक्षा १२ मा न्युनतम जिपिए २ ल्याएको हुनुपर्छ ।

***३. कलेजले विद्यार्थीलाई प्रदान गर्ने शैक्षिक कार्यक्रममा सेवा सुविधा कस्तो छ ?***

☞ हामीले स्थापना कालदेखि आजको स्थितिसम्म आउन धेरै आरोह र अवरोह पारगर्दै आएका छौँ । विगतमा हाम्रो भौतिक संरचना त्यति गुणस्तरयुक्त नभएपनि अहिले हामीले भुकम्प प्रतिरोधात्मक भवनमा अध्यापन गराउँदै आएका छौँ । प्रत्येक कक्षाकोठामा आइटीको विद्यार्थीलाई आवश्यक पर्ने सामग्रीको व्यवस्थापन गरिएको छ । उच्चक्षमता भएका २ वटा ल्यावको व्यवस्था छ । जसमा एकैचोटी ७० जना विद्यार्थीले कम्प्युटर प्रयोगशालामा बसेर आफ्नो कार्यसम्पादन गर्न सक्छन् । त्यसको अतिरिक्त हेटौंडा सिटी कलेजले विद्यार्थीको लागि नि:शुल्करुपमा हाइस्पिडको इन्टरनेटको व्यवस्था गरेको छ । प्रत्येक कोर्ष प्रयोगात्मक भएकोले सोही अनुसारको प्रबन्ध हामीले गरेका छौं भने अर्कोतिर समयसमयमा बजारको आवश्यकता के छ, आवश्यकतालाई मध्यनजर गरेर त्यसैअनुरुपको विज्ञहरु बोलाएर विद्यार्थीलाई आइटी वर्कसप सञ्चालन गर्छौं । जसले गर्दा यस कलेजमा पढ्ने विद्यार्थी स्नात्तक गर्नासाथ रोजगार भएका छन् । कि उनीहरुलाई ठुलाठुला कम्पनीमा आबद्ध भएका छन् भने केही आफै उद्यमी बनेका छन् । यस अर्थमा अन्य कलेज भन्दा हामी भिन्न छौं ।



**श्रीबहादुर कार्की**
प्रिन्सिपल
**हेटौंडा सिटी कलेज**

***४. कलेजमा अध्यापन गराउने शिक्षकको दक्षता र अनुभवमा कलेज सन्तुष्ट छ त ?***

☞ सम्भवत: काठमाडौं पश्चात् मोफसलमा हाम्रो कलेजमा भएको जस्तो दक्ष, अनुभवी जनशक्ति अन्य कलेजमा छैन । हामीले विद्यार्थीको गुणस्तरीय शिक्षालाई मनन् गर्दै विषयगतरुपमा सक्षम, दक्ष प्राध्यापकहरुबाट विद्यार्थीलाई अध्यापन गराउँदै आएका छौं ।

***५. विद्यार्थीलाई करियर काउन्सिलिङ दिनुभएको छ कि छैन ?***

☞ जुनजुन विद्यार्थीको लागि करियर काउन्सिलिङ चाहिएको छ, ती विद्यार्थीलाई बोलाएर कार्यशाला आयोजना गरेर कक्षा १२ पास गरि सकेपछि अहिलेको परिप्रेक्ष्यमा कुन विषय पढ्दा राम्रो हुन्छ भन्ने क्लासहरु दिइराखेका छौं । पहिला कक्षा १२ पास गरेका विद्यार्थीलाई मेडिकल, वाणिज्य, आइटी कुन संकाय पढ्दा राम्रो हो त्यो भन्छौं । स्वाभाविक रुपमा अहिलेको युग सूचनाप्रविधिको युग हो । आइटीमा जस्तो अवसर र चुनौती अरु संकायमा छैन । विदेश पलायन हुनुभन्दा स्वदेशमै योग्य जनशक्ति भएर देश निर्माणमा योगदान पुऱ्याउनु पर्छ भन्ने परामर्श विद्यार्थी दिइराखेका छौं ।

***६. विकटक्षेत्रको विद्यार्थीको लागि चाहिँ कलेजले कस्तो व्यवस्था गरेको छ ?***

☞ विशेषगरी: हामीले मकवानपुरको कैलाश, राक्सीराङलगायत विकट क्षेत्रका स्थानीय जनप्रतिनिधि, शैक्षिक क्षेत्रमा क्रियाशील व्यक्तिहरुसँग समन्वय र सहकार्य गरेर कक्षा १२ उत्तीण गरेका विद्यार्थीको तथ्याङ्क राख्ने गरेका छौं र त्यही सम्बन्धित ठाउँमै गएर इच्छुकलाई बोलाएर परामर्श दिने गरेका छौं । हामीले कलेजमा विद्यार्थीलाई छिटोछिटो भर्ना गर्ने भन्दा पनि आएका विद्यार्थीलाई विषयको क्षेत्र बारे बुझाउँछौं । बिएससिसिएसआईटी, बिसिए त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कार्यक्रम हो । यसले पनि के संकेत गर्छ भने हाम्रो कलेजबाट स्नातक गरेका विद्यार्थीको प्रमाणपत्रले राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि मान्यता पाउँछ । हामीले कोटामा विद्यार्थी लिन पाउँछौं । बिएससिएस आईटीमा हामीले एक वर्षमा जम्मा ३६ र बिसिएमा ३५ जना मात्र लिन पाउँछौं । यो कोटा प्रणालीले सीमान्तकृत, महिला, दलित लगायत सबै समुदायलाई सम्बोधन गर्छ ।

***७. तपाईहरुले विद्यार्थीसँगसँगै अभिभावकको लागि पनि परामर्श कार्यक्रम सञ्चालन गर्नुभएको छ की छैन ?***

☞ विद्यार्थीको भविष्य निर्माणमा अभिभावकको ठुलो भूमिका रहेको हुन्छ । बेलाबखत छोराछोरीको अडानको कारण पनि अभिभावकहरु लगानी गर्न बाध्य हुन्छन् । त्यही भएर हामीले अभिभावकलाई शैक्षिक कार्यक्रमको बारे बुझाउने गर्दछौं । हामी अभिभावकलाई तपाईहरुले गर्ने लगानी भनेको विद्यार्थीको भविष्य सुनिश्चित गर्नको लागि हो । आइटी भनेको विश्व सुहाउँदो विषय हो । आइटीले धन मात्र आर्जन गर्न नभई विश्वबजारमा बिक्न सक्ने दक्ष जनशक्ति बनाउँछ भनेर सल्लाह दिने गरेका छौं ।

***८. आइटी पढ्न खोज्ने तर, आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई कलेजले दिने सुविधा के छ ?***

☞ नेपालीमा उखान छ नि 'जहाँ इच्छा त्यहाँ उपाय' । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको लागि त्रिभुवन विश्वविद्यालयले पनि छात्रवृत्तिको व्यवस्था गरेको छ भने अर्कोतिर कलेजको पनि छात्रवृत्ति प्रदान गर्ने एउटा आन्तरिक नीति छ जुन हामी विद्यार्थीलाई भर्नाअघि नै सोधपुछको क्रममा जानकारी दिन्छौं । न्युनतम जिपिए ३.७ लिएर आउने, कलेजले लिन आन्तरिक परीक्षामा पनि ३.७ ल्याएर उत्तीर्ण हुने, ८० प्रतिशत हाजिर भएर कलेज टप गर्ने विद्यार्थीलाई मासिक शुल्कमा शतप्रतिशत छुट दिने व्यवस्था गरेका छौं भने दोश्रो हुनेलाई ५० प्रतिशत, तेश्रो हुनेलाई २५ प्रतिशत छुट दिने व्यवस्था छ । पढ्छु भन्ने विद्यार्थीको लागि सिटी कलेज उत्तम गन्तव्य हो ।

***९. पछिल्लो समय नेपालको शिक्षा सैद्धान्तिक मात्र भयो, व्यवहारिक भएन भन्दै एसईई, १२ कक्षा पास गरिसकेपछि विद्यार्थीहरु विदेश पलायन भइरहेका छन् । यस्तो अवस्थामा सिटी कलेजको शिक्षा कति व्यवहारिक छ त ?***

☞ एकदमै राम्रो र उत्कृष्ट प्रश्न । हाम्रो कलेजको मान्यता नै विद्यार्थीलाई सैद्धान्तिक भन्दा व्यवहारिक ज्ञान धेरै हुनुपर्छ भन्ने मान्यता रहेको छ । आइटी क्षेत्रमा लागेका विज्ञलाई बोलाएर विद्यार्थीको लागि कार्यशाला, तालिमहरु गर्ने गरेका छौं । हेटौंडा सिटी कलेजले मोफसलमा बसेर काठमाडौंको भन्दा पनि राम्रो शिक्षा प्रदान गरेको सावित हुँदै गएको छ ।

***१०.अन्त्यमा, १२ कक्षा उत्तीर्ण भएका विद्यार्थीलाई के भन्न चाहनु हुन्छ ?***

☞ म हेटौंडा सिटी कलेजको प्रिन्सिपल श्रीबहादुर कार्की तपाईहरु सम्पूर्ण विद्यार्थीलाई कक्षा १२ उत्तीर्ण हुनुभएकोमा पुन: बधाई ज्ञापन गर्दछु । विषय रोज्नुभन्दा अगाडि विषयको क्षेत्रबारे पूर्णरुपमा जानकारी लिनुहोस् । हेटौंडा सिटी कलेजले अहिलेको युग सुहाउँदो आईटीका शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको पुन: जानकारी गराउन चाहन्छु । तपाई विद्यार्थीहरु अमेरिका, युरोप जान पर्दैन, त्यहाँ गर्ने आविष्कारहरु नेपालमै बसेर यही शिक्षाबाट गर्न सकिन्छ जसको लागि हेटौंडा सिटी कलेजले उपयुक्त शैक्षिक वातावरण निर्माण गर्दछ ।

# शिक्षा विधेयकका ३ वटा दफा फालिए, १४ वटा थपिए

काठमाडौं/ प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विद्यालय शिक्षा विधेयकमा विवादित विषयलाई थाति राखेर प्रतिवेदन तयार पाऱ्यो । सोमबार बसेको बैठकमा प्रतिवेदन पेश गर्दै समिति सचिव दशरथ धमलाले विद्यालय शिक्षा विधेयकको पुनर्लेखन जस्तै भएको बताए । 'मूल विधेयक प्राप्त हुँदा १६३ वटा दफा थिए । अहिले १७४ वटा भएका छन् । यो विधेयक पुनर्लेखन जस्तै भएको छ,' सचिव धमलाले भने ।

उनका अनुसार मूल विधेयकको ६५ वटा दफा मात्रै चलाएको छैन । 'अरु सबै दफा चलाएको छ । परिमार्जन भएको छ । १४ वटा दफा नयाँ थपिएको छ । ३ वटा दफा हटाइएको छ । ९८ वटा दफामा केही न केही परिमार्जन भएको छ । ९ वटा दफाको सट्टामा रिप्लेस भएको छ,' सचिव धमलाले भने । मूल विधेयक संसद्मा २०८० भदौ २७ मा दर्ता भएको थियो । १६३ वटा दफामा १७५८ वटा संशोधनको बुँदा परेको थियो । समितिले दफावार छलफल गरेर विधेयकलाई अन्तिम चरणमा पुऱ्याएको हो ।

**पूर्ण छात्रवृत्तिमा विवाद कायमै**

सोमबारको समितिको बैठकले पनि पूर्ण छात्रवृत्तिको विषयमा भने सहमति जुटाउन सकेन । यो विषयलाई ५ गते बस्ने बैठकले नै टुंगो लगाउने सभापति अम्मरबहादुर थापाले बताए । बैठकमा शिक्षा मन्त्रालयले निजी विद्यालयको पूर्ण छात्रवृत्तिमा विपन्न र गरिबलाई २.५ प्रतिशत आवासीय सुविधा दिन प्रस्ताव राखेको थियो । तर समितिका सांसदहरूले १० प्रतिशत हुनुपर्नेमा जोड दिए । समितिमा अधिकांश सांसदले २.५ प्रतिशत कम भएको र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन विपरीत भएको तर्क गरे ।

'कतिको २.५ प्रतिशत हो ? निजीलाई जवाफदेही बनाउनु पर्छ । क्रमश: बढाउँदै लैजाने मेरो प्रस्ताव छ । विपन्न र गरिबले पनि महसुश गर्नेगरी कम्तीमा १० प्रतिशत गरौं,' कांग्रेस सांसद डिगबहादुर लिम्बुले भने ।

पूर्व शिक्षामन्त्री एवं एमाले सांसद विद्या भट्टराईले अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन विपरीत २.५ प्रतिशतको प्रस्ताव आएको बताइन् । '२.५ कुन सैद्धान्तिक मान्यतामा आयो ? अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन राख्ने कि खारेज गर्छौं ? कानुन एक अर्कामा बाझिनेगरी बनाउनु हुँदैन,' उनले भनिन्, 'छात्रवृत्ति १० प्रतिशत हुनुपर्छ । विद्यमान ऐनले पनि १० प्रतिशत भनेको छ ।'

पूर्व शिक्षामन्त्री एवं रास्वपा सांसद सुमना श्रेष्ठले पनि सरकारको नयाँ प्रस्तावमा असहमति जनाइन् । '२.५ प्रतिशतमा गृहकार्य पुगेन । मन्त्रालयको हेपाहा प्रवृत्ति भयो । स्वीकार्य छैन । नियमावलीमा राख्नु भनेको कार्यान्वयन हुँदैन,' उनले भनिन् । माओवादी सांसद ज्ञानु बस्नेत सुवेदीले पनि आवसीय सुविधासहित १० प्रतिशत छात्रवृत्तिको व्यवस्था हुनुपर्ने मत राखिन् । 'गरिब विपन्नलाई छात्रवृत्ति दिनुपर्छ निजीप्रति जुन चिन्ता गरिरहनु भएको छ । तर गरिब र निमुखाको चिन्ता हुनुपऱ्यो । नियमावलीमा होइन, विधेयकमा १० प्रतिशत राखौं,' उनले भनिन् ।

शिक्षा मन्त्रालयले २.५ प्रतिशतको प्रस्ताव राखेपनि मन्त्री पन्तले भने यो विषयलाई नियमावलीमा राख्नेगरी जान प्रस्ताव राखेका थिए । 'मेरो आग्रह कानुनमा राख्नुभन्दा नियमावलीमा राख्दा हुन्छ । नियमावलीमा व्यवस्थित गर्नेगरी छोडिदिउँ कानुनमा नराखौं । मन्त्रालयलाई विश्वास गर्नुस्,' मन्त्री पन्तले भने । निजी विद्यालयको घाँटी अठ्याउने गरी अगाडि जान नहुने मन्त्री पन्तको भनाइ छ ।

'नियमन गर्ने कुरामा कडाइका साथ नियमन गर्नुपर्छ । तर घाँटी अठ्याउने गरि अगाडि बढाउनु हुँदैन,' उनले भने । सांसदहरूले १० प्रतिशतमा अडान राखेपछि समितिले थप गृहकार्य गरेर आउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तलाई भनेको छ । छविलाल विश्वकर्मा नेतृत्वको उपसमितिले तयार पारेको प्रतिवेदनमा आवासीय सुविधाको प्रस्ताव गरिएको थियो । जसमा पूर्ण छात्रवृत्ति भन्नाले शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शिक्षा सामग्री, पोशाक, यातायात, आवासीय सुविधा (विद्यालयमा उपलब्ध भएमा) लगायत विद्यालयले लिने शुल्क तथा उपलब्ध गराउने भनिएको छ । तर यसमा रहेको आवासीय सुविधा राख्ने वा हटाउने भन्नेमा विवाद भएपछि यो विषय ५ भदौमा बस्ने बैठकमा टुंगो लगाउन लागिएको हो ।

'पूर्ण छात्रवृत्तिमा आज टुंगो लागेन । निजीलाई धेरै छुट दिइएको छ । विपन्नलाई केही राज्यले केही निजीले दिनुपर्छ । राज्यको कोषमा पनि हुनुपऱ्यो । कानुन बमोजिम १० प्रतिशत हुनुपर्छ । राज्य मूकदर्शक भएर बस्नु भएन,' सभापति थापाले भने । सभापति थापाका अनुसार ५ गतेलाई समिति बैठक बोलाइएको छ । सो दिन समितिबाट विधेयक पारित गर्ने तयारी छ ।

# मउवा संघको कृषि प्रवर्द्धन समितिको भ्रमण



साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ मकवानपुर उद्योग वाणिज्य संघको कृषि प्रवर्द्धन समितिले कृषि फार्मको अवलोकन गरेको छ । समितिका संयोजक निलमकुमारी पाण्डेको नेतृत्वको भ्रमण टोलीले हेटौंडा-१३, पदमपोखरीमा रहेको एमएनएस एग्रो प्रा.लिमा भ्रमण गरेको हो ।

प्रालिले ड्रागन फ्रुट, मेवा, बाख्रापालन जस्ता कृषिजन्य कार्य गर्दै आएको छ । कृषिउद्यम गर्न ईच्छुक किसानले यो फार्ममा गई अध्ययन अवलोकन गर्ने गरेका छन् । प्रालिले एक बिगाह जमिनमा कृषिफार्म सञ्चालन गरिरहेको छ । फार्मका संचालक फेन्चु लामा कृषि प्रवर्द्धन समितिको सदस्य रहेका छन् । उनले आफ्नो अनुसन्धान अनुभव सहित कृषि सम्बन्धी जिज्ञासा हुनेलाई मार्गदर्शन गरिरहेका छन् । लामाले ड्रागन फ्रुट एकपटक लगाएपछि १५ वर्षसम्म उत्पादन लिन सकिने र एक वर्षभित्रमा पटकपटक उत्पादन हुने गरेको जानकारी दिए ।

बजारमा मूल्य स्थिर भएमा ड्रागन फ्रुट आयआर्जनको लागि सम्भावनायुक्त रहेको उनको भनाई छ । ड्रागन फ्रुटको विरुवालाई नियमित स्याहार गर्नुपर्ने उनले बताए । लामाले ड्रागन फ्रुटलाई केही दिनसम्म सुरक्षित स्टोर गर्न दुई कोठे कोल्ड चेम्बर बनाएको बताए । लामाले ८० वटा बाख्राको लागि आधुनिक खोर निर्माण गरी सञ्चालन गरिरहेका छन् । हेटौंडा उपमहानगरपालिकाले कार्यविधि बनाइ ५ वर्षको लागि उपलब्ध गराएको कृषि एम्बुलेन्सलाई समिति बनाएर कार्यविधिअनुरुप परिचालन गरिरहेको छ ।

संघका अध्यक्ष प्रमोदसिंह रानभाटले अवलोकन भ्रमण सफल बनाउन सघाएको र स्थलगत अवलोकन भ्रमण तथा बैठकले उत्साहित महसुस गरेको संयोजक पाण्डेले बताइन् । समितिका सदस्य हरिशरण अधिकारीले कृषिउद्यमी फेन्चु लामाको उद्यमप्रति रहेको लगावको प्रशंसा गर्दै कृषिकर्ममा लाग्न चाहनेका लागि प्रेरणाको स्रोत भएको बताए ।

भ्रमणमा महिला उद्यमी विकास समितिका पूर्वकार्यवाहक सभापति देवकुमारी ढकाल, कृषि प्रवर्द्धन समितिका सदस्यहरु विवेक सुवेदी, लक्ष्मी अधिकारी, अभिषेक अधिकारी, महिला उद्यमी विमला ढकाल र संघका कार्यकारी सचिव पवन कार्कीको सहभागिता थियो ।

# ओपेरा डिजिटलको नयाँ गीत 'के भन्नु र खोई' सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ओपेरा डिजिटलले सोमबार आफ्नो आधिकारिक युट्युव च्यानलमार्फत नयाँ नेपाली संगीत भिडियो 'के भन्नु र खोई' सार्वजनिक गरेको छ ।

गीत आश्मान लोप्चन र जितु लोप्चनको स्वर रहेको छ भने संगीत सानुबाबु घिसिङले तयार र व्यवस्थापन गरेका हुन् । भिडियोलाई युद्व लामाले निर्देशन गरेका छन् । सार्वजनिक गरिएको भिडियोलाई आकर्षक बनाउन कलाकार विक्रम लुङ्वा, आश्मान लोप्चन र यांगी दोङले अभिनय गरेका छन् । उनीहरुको स्टाइलिश पोशाक, र माइलो नृत्य र भावनात्मक अभिनयले भिडियोलाई रोमान्टिक र आधुनिक बनाएको छ । छायांकन दुर्गा श्रेष्ठले गरेका हुन् भने सम्पादन अनिल बिष्ट प्युठानीले गरेका छन् ।

आश्मान लोप्चन तामाङ सेलो क्षेत्रमा ख्यातिप्राप्त गायकका रुपमा परिचित छन् । उनी आफ्नै गीतमा मोडलिङ गर्ने कलाकारकारुपमा पनि लोकप्रिय छन् । यस गीतमा स्वर दिने अर्की गायिका जितु लोप्चन पनि नेपाली संगीत क्षेत्रमा चर्चित नाम हुन् । विक्रम लुङ्वा भिडियो निर्देशन र गायन दुवै क्षेत्रमा सक्रिय छन् भने मोडल यांगी दोङ तामाङ सेलो जगतमा चर्चित अनुहारकारुपमा परिचित छन् ।

आधुनिक संगीत शैली र रोमान्टिक दृश्यको संयोजनले तयार गरिएको भिडियोप्रति दर्शकको रुचि बढ्ने अपेक्षा गरिएको छ । ओपेरा डिजिटलका प्रोप्राइटर विक्रम लुङ्वाका अनुसार, ओपेरा सिजिटलको आधिकारिक युट्युब च्यानल मार्फत सार्वजनिक गरिएको यस प्रस्तुति नेपाली संगीतप्रेमीको मन जित्ने उद्देश्यका साथ बजारमा ल्याइएको हो ।

# सौगात, प्रकाश र सुहानाले सुरु गरे 'परालको आगो'को वर्कसप

काठमाडौं/कथाकार गुरुप्रसाद मैनालीको चर्चित कथा 'परालको आगो'मा आधारित फिल्मको वर्कसप आइतबारबाट सुरु भएको छ । लक्ष्मण सुनारको निर्देशनमा बन्ने फिल्मको वर्कसपमा कलाकारहरू सौगात मल्ल, प्रकाश सपूत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, कुलदीप अधिकारी, सरु भण्डारी र रेणु न्यौपाने सहभागी छन् ।

निर्माता सुशील पोखरेलले फिल्मलाई उत्कृष्ट बनाउन सबै कलाकारलाई एकै ठाउँमा भेला पारेर वर्कसप थालिएको बताए । वर्कसपमा चरित्र निर्माण, स्क्रिप्ट, प्रोडक्सन डिजाइन, कस्ट्यूम लगायतका विभिन्न विषयमा गहन छलफल भइरहेको उनको भनाइ छ । उनका अनुसार दुई साता वर्कसपमा बसेर भदौ २६ गतेदेखि फिल्मको छायांकन सुरु गरिनेछ ।

'परालको आगो' श्रीमान्-श्रीमती चामे र गौँथलीबीचको झगडाको कथा हो । फिल्ममा सुहाना गौँथलीको भूमिकामा देखिनेछिन् । उनले पहिलो पटक घरबाहिरको फिल्ममा काम गर्न लागेकी हुन् । बुझिए अनुसार फिल्ममा प्रकाशले चामेको भूमिका निभाउनेछन् । म्याग्दी जिल्लामा छायांकन हुने फिल्मका लेखक सुशील देवकोटा हुन् । हरिओम सिने मेकर्सको ब्यानरमा निर्माण हुने फिल्ममा संकल्प भुजेलको छायांकन, शान्ति ठटाल, सत्य-स्वरूप आचार्य र प्रकाश सपूतको संगीत तथा रामजी लामिछानेको नृत्य निर्देशन रहनेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

### कैलाशको नामटारमा खुल्यो सुन्दरढोका व्युटिपार्लर

# शारीरिक अपाङ्गता भएकी अञ्जु र सरिताद्वारा पार्लर सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ९ नामटारमा सुन्दर ढोका व्युटिपार्लर सञ्चालनमा आएको छ ।



शारीरिक अपाङ्गता भएका कैलाश-६ की अञ्जु परियार र कैलाश-५ की सरितामाया थिङले संयुक्तरुपमा पार्लर सुरु गरेका हुन् । अपाङ्गताको क्षेत्रमा काम गर्दै आइरहेको सुन्दरढोका साथीसेवा संस्थाको सहयोगमा तालिम प्रदानपश्चात संस्थाकै लगानीमा पार्लर सञ्चालनमा आएको हो । पार्लर उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले सहर जस्तो ग्रामीण भेगमा व्युटिपार्लर जाने श्रृंगार गर्ने भन्ने हुन्न तर, सामान्य मेकअप भने गर्नुपर्छ भन्ने सोचको वृद्धि भएकाले आफ्नो सीपलाई निखार्दै सेवा प्रदान गर्न आग्रह गरे ।

शारीरीक अपाङ्गता भएर पनि व्युटिपार्लरको कोर्स पूरा गरेर आफ्नो सीप प्रदर्शन गर्ने भनी सुरु गरिएको व्यवसायलाई सुन्दर ढोकाले सहयोग गरेको र आगामी दिनमा गाउँपालिकाले पनि साथ सहयोग गर्ने उनले प्रतिवद्धता जनाए । 'व्यवसायलाई दर्ता गर्नुस्, आफ्नो सीपलाई प्रयोग गरी आर्थिकपक्ष पनि बलियो बनाउनु पर्छ' अध्यक्ष मुक्तानले आग्रह गरे । ईच्छाशक्ति के को र कसको छ भन्ने पहिचान गरेर सहयोग प्रदान गर्दै आइरहेको सुन्दर ढोका साथीसेवालाई पनि आभार व्यक्त गर्दै गाउँपालिकाले पनि कम्प्युटर, सिलाई, हृयाण्डीक्राफ्ट, विभिन्न परिकारको तालिम प्रदान गरिनुका साथै आगामी वर्ष पनि लक्षित वर्ग र क्षेत्रलाई तालिम कार्यक्रमको योजना रहेको उनले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले शारीरिक रुपमा कमजोर भएपनि सीप र काममा कमजोर छैनौं भनी आफ्नो सीप देखाउन अनुरोध गरे । 'विस्तारै व्यवसाय बढोस्, बजारीकरणमा वडा र गाउँपाकिलाले थप साथ सहयोग गर्नेछ,' उपाध्यक्ष मल्लले भने । कार्यक्रममा सुन्दर ढोका साथीसेवाका कार्यकारी निर्देशक विजेता अधिकारीले अञ्जु र सरिताले काठमाडौंमा ६ महिनाको एडभान्स कोर्स पुरा गरेको बताइन् । फलत: शारीरिक अपाङ्गता छन् तर, सीपमा कुनै समस्या नरहेको उनले बताइन् । '६ महिने तालिमपश्चात अहिले तत्काल २ लाख ५० हजार लगानीमा यो सुरुवात गरिदिएका छौं, अब ६ महिना हामी उनीहरुसँगै रहन्छौं,' निर्देशक अधिकारीले भनिन् ।

तीनवर्ष परियोजना अवधीमा बाख्रापालनमा सहयोग ४९ जना, साना किराना पसल सञ्चालन सहयोग ७ जना, कुखुरापालन सहयोग ६ जना, कृषि हाते ट्याक्टर सहयोग २ जना, कुटानी पिसानी मिल १ जना, भैंसी पाडापालन ३ जनालाई सहयोग गरिएको उनले बताइन् । बाँसको मुढा बनाउने तालिम ३ जना, व्युटी पार्लर २ जना, शैलुन तालिम १ जना, प्लाष्टिक टनेल १ जना, सिलाइ तालिम १ जना, सुधार गृह पुनर्स्थापना सहयोग २ जना, स्वास्थ्यउपचार ३७ जना गरी लाभान्वित अपाङ्गगता भएका व्यक्तिको संख्या ११७ जना रहेको निर्देशक अधिकारीले बताइन् ।

निर्देशक अधिकारीकै अध्यक्षतामा भएको कार्यक्रममा वडा नम्बर ९ का अध्यक्ष भूवनसिं घलान, ६ का अध्यक्ष रामबहादुर गोम्बा, १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, सिडीपिएनका कार्यक्रम संयोजक हरिबहादुर भण्डारी लगायतको आतिथ्यता रहेको थियो । पार्लरमा पार्लरसम्बन्धी सम्पूर्ण कार्य गरिनुका साथै मेकअप, फेसियल, थ्रेडिङ, हेयर कट, हेयर स्ट्रेट, हेयर स्पा, वाक्सिङ गरिने सञ्चालक परियारले बताइन् ।

### नेकपा एमाले हेटौंडाको 'हाम्रो बुझाई र जिज्ञासा'

# एमाले नेतृत्वसँग प्रत्यक्ष संवादको अवसर



साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/नेकपा (एमाले) हेटौंडा उपमहानगरपालिका कमिटी, जनसंगठन समन्वय संयन्त्रको आयोजनामा 'हाम्रो बुझाई र जिज्ञासा' शीर्षकको एक दिवसीय कार्यक्रम सम्पन्न भएको छ ।

नेकपा (एमाले) जिल्ला पाटी कार्यालयमा आयोजित कार्यक्रममा विभिन्न जनसंगठनका प्रतिनिधिले पाटी नेतृत्वसँग प्रत्यक्ष संवाद गर्दै आआफ्ना जिज्ञासा राखेका थिए । नेकपा (एमाले) हेटौंडा उपमहानगर पालिका कमिटी, जनसंगठन समन्वय संयन्त्रकी प्रमुख सुशिला मल्लको सभाध्यक्षता तथा नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । नेकपा एमाले केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर इन्चार्ज राणा, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य तथा हेटौंडा उपमहानगर पालिका इन्चार्ज सुमित्रा काफ्ले, नेकपा (एमाले) जिल्ला कमिटी सचिव सीता विष्ट, नेकपा (एमाले) हेटौंडा उपमहानगर कमिटी अध्यक्ष बोलबहादुर काकी वक्ताको रुपमा रहेका थिए ।

निर्णायक मण्डलमा राजकुमार बास्तोला (नेकपा एमाले हेटौंडा उपमहानगरपालिका कमिटी उपाध्यक्ष), शिवबहादुर थापा (जनसंगठन समन्वय संयन्त्र सदस्य), र चन्दावती पनेरु (सहसचिव) सम्मिलित थिए । सहभागी जनसंगठनले भीमफेदीमा सामाजिक सुरक्षा कोष सुरु भए पनि हेटौंडामा कार्यान्वयन नहुनुको कारण, पदाधिकारीको लागि नेतृत्व विकास तालिम आवश्यक, पाटी सरकारमा हुँदा बहुविवाह कानून आएमा जनतामा कस्तो सन्देश जाने, संगठनलाई जातीय मुद्दा बोकेको आरोप कसरी लिने, मिशन ८४ सफल पार्न जनसंगठनले के भूमिका खेल्न सक्छ, मुस्लिम समुदाय र पार्टीबीचको सम्बन्ध कस्तो हुनुपर्छ, जस्ता सवाल उठाएका थिए ।

प्रमुख अतिथि रानाले सहभागीको जिज्ञासामा जवाफ दिँदै भीमफेदीमा सामाजिक सुरक्षा कोष सुरु भइसकेको भए पनि हेटौंडामा नेतृत्वको कमीका कारण ढिलाइ भएको उल्लेख गर्दै चाँडै कार्यक्रम सुरु हुने आश्वासन दिए । उनले भूमि आयोगका पदाधिकारीलाई नेतृत्व विकास तालिम दिनुपर्ने र १९ वडामा गएर समस्या संकलन गरी सुधारमा जुट्नुपर्ने आवश्यकता औंल्याए । प्रदेश सदस्य काफ्लेले मुस्लिम समुदायसँग पाटीको सम्बन्ध बारे कुरा गर्दै मुस्लिम समुदायका साथीहरुको चासो कम भएको विषयलाई सम्बोधन गर्नुपर्ने औंल्याइन् । सचिव विष्टले सहभागीको विभिन्न जिज्ञासामा जवाफ दिँदै बहुविवाहसम्बन्धी प्रस्तावित कानुन गलत भएकाले पास नहुने आश्वासन दिलाइन् ।

नगर कमिटी अध्यक्ष कार्कीले अपाङ्गता भएका व्यक्तिको प्रश्नमा एमालेले अपाङ्गता संघको हकहितमा साथ दिने र समावेशिताका लागि कोटा छुट्याएको प्रष्ट पारे । उनले सामाजिक दृष्टिकोण हटाउन आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणा राखे । उत्कृष्ट जिज्ञासासहित आफ्नो विचार राखेका जनसंगठन मध्येबाट छनोट गरी पुरस्कार प्रदान गरिएको थियो । जसमा प्रथम मुक्ति समाज नगर कमिटी, द्वितीय अखिल नेपाल किसान महासंघ र तृतीय नेपाल स्वास्थ्यकर्मी नगर कमिटी भएका थिए । प्रथम द्वितीय र तृतीयलाई पुरस्कार प्रदान गरिएको थियो ।

# मुख्यमन्त्री बानियाँद्वारा गरिबी निवारण सहकारीको भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/हेटौंडा-६ हात्तिलेटमा रहेको गरिवी निवारण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकारी भवन उद्घाटन भएको छ ।



सोमबार बागमती प्रदेशका मूख्यमन्त्री ईन्द्रबहादुर बानियाँले भवनको उद्घाटन गरेका हुन् । कार्यक्रममा मुख्यमन्त्री बानियाँले सहकारी संस्थाको स्थापनाले समुदायमा रहेको पुँजी परिचालनमार्फत गरिबी निवारणमा टेवा पुगेको बताए । उनले पछिल्लो समय केही सहकारीका कारण यस क्षेत्रबारे नकारात्मक धारणा पैदा भएपनि समग्रमा सहकारी संस्थाले आर्थिक एवम् सामाजिक रुपान्तरणमा मद्दत गरेको बताए । उनले बागमती प्रदेश सरकार सहकारी क्षेत्रको प्रवर्द्धनका लागि सधैं सकारात्मक रहेको स्पष्ट पारे ।

सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटाको सभाध्यक्षतामा भएको २५ औं साधारणसभा, स्थापना दिवस, रजतजयन्ती, स्मारिका विमोचन एवम् भवन उद्घाटन कार्यक्रममा मुख्यमन्त्री बानियाँले संस्थाले प्रकाशन गरेको स्मारिका विमोचन गरेका थिए । भवन निर्माणमा सहयोग गर्ने हेटौंडा-६ वडा कार्यालय, संस्थाका संस्थापक अध्यक्ष शिवप्रसाद खनाल, प्रस्तावक अध्यक्ष रामकृष्ण तिवारी, पूर्वअध्यक्ष श्रीराम खतिवडा, निवर्तमान अध्यक्ष पुष्पराज पराजुली, संस्थापक शेयर सदस्यहरु, ज्येष्ठ सदस्यहरु गोपालप्रसाद दुलाल, धनप्रसाद पुडासैनी, कुलप्रसाद दुलाल, चन्द्रप्रसाद खतिवडा, सानीकान्छी भुजेल, असल ऋणी, बचतकर्तालगायतलाई सम्मान गरिएको थियो ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, संस्थापक अध्यक्ष शिवप्रसाद खनाल, प्रस्तावक अध्यक्ष रामकृष्ण तिवारी, पूर्वअध्यक्ष श्रीराम खतिवडा, आधुनिक बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटा, संस्थाका उपाध्यक्ष रिपुप्रसाद गौतम, कृष्णप्रसाद दुलाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

संस्थाका अध्यक्ष कृष्णप्रसाद सापकोटाबाट आव २०८२/८३ प्रस्तावित नीति तथा कार्यक्रम, सचिव शरदकुमार श्रेष्ठबाट बार्षिक प्रगति प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिका संयोजक शिवप्रसाद गौतमबाट लेखा प्रतिवेदन प्रस्तुत भएको थियो ।

# कन्सल्टेन्सीलाई कागजपत्रसहित हाजिर हुन प्रशासनको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ मकवानपुरमा सञ्चालनमा रहेका शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण केन्द्रहरु (कन्सल्टेन्सी) लाई कागजपत्र सहित हाजिर हुन जिल्ला प्रशासन कार्यालय मकवानपुरले निर्देशन गरेको छ ।

कन्सल्टेन्सीहरुले कानुनको उल्लंघन गर्दै अनुमतिविना तथा अनियमितरुपमा सेवा सञ्चालन गरेको गुनासो बढेपछि प्रशासनले सोमबार सात दिनभित्र कागजात अद्यावधिक गर्न भनेको हो । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेलका अनुसार कन्सल्टेन्सीहरुले इजाजतपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, कर दाखिला विवरण, प्रशिक्षकको योग्यताको प्रमाण, घरभाडा सम्झौता, पर ामर्शदाता तथा प्रशिक्षकको करार सम्झौता, विदेशी प्रशिक्षक भएमा भिसा, राहदानी र श्रम स्वीकृतिसहित कागजात बुझाउन भनेको हो ।

यस्तै शाखा सञ्चालन गरिएका भए त्यससम्बन्धी अनुमतिपत्र पनि पेस गर्न भनिएको छ । निर्धारित समयभित्र विवरण पेस नगरे वा आवश्यक मापदण्ड नपुगे प्रचलित कानुनअनुसार गरिने उनले बताए ।

# ६ हजार २ सय ५९ पशुचौपायालाई खोप लगाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ बागमती प्रदेशमा आइतबारदेखि सुरु भएको लम्पी स्किन रोगविरुद्धको साताव्यापी खोप अभियानमा पहिलो दिन ६ हजार २ सय ५९ पशु चौपायालाई खोप लगाइएको छ ।

प्रदेशका १३ वटै जिल्लामा सञ्चालन भएको अभियानमा ४ हजार ३ सय ८४ गाई र १ हजार ८ सय ७५ भैंसीलाई खोप लगाइएको कृषि तथा पशुपन्छी मन्त्रालयले जनाएको छ ।

सबैभन्दा धेरै सिन्धुलीका १ हजार १ सय २५ गाईभैंसीलाई रोगविरुद्ध खोप लगाइएको छ । मकवानपुरका ९ सय ८८, काभ्रेका ८ सय २५ र नुवाकोटका ७ सय ८२ गाईभैंसीले खोप पाएका छन् ।

त्यस्तै, सिन्धुपाल्चोकमा ६ सय ८, काठमाडौंमा ४ सय ११, दोलखामा ४ सय १, चितवनमा ३ सय २६, रामेछापमा ३ सय, ललितपुरमा १ सय २९, रसुवामा २ सय ३०, धादिङमा ९२ र भक्तपुरमा ३२ पशुचौपायालाई खोप लगाइएको छ । भदौ ७ गतेसम्म चल्ने यो अभियानमा १ लाख २० हजार पशुमा खोप लगाउने लक्ष्य राखिएको छ ।

# घैंटो फुटाई प्रतियोगितामा आग्रा स्पोर्ट्स पहिलो



साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ मकवानपुरको थाहा नगरपालिका शिखरकोटमा आयोजित घैंटो फुटाई प्रतियोगितामा आग्रा स्पोर्ट्स पहिलो भएको छ ।

प्रथम भएसँगै आग्रा स्पोर्ट्सले नगद ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । शिखर कोट कृष्ण मन्दिर परिसरमा हरेक वर्ष कृष्णजन्माष्टमीको भोलिपल्ट यो प्रतियोगिता आयोजना गरिन्छ । यसवर्षको प्रतियोगितामा कोब्रा ग्याङ थाहा-४ दोस्रो भएसँगै नगद २० हजार रुपैयाँ पुरस्कार पाएको छ । प्रतियोगितामा तेस्रो पुरस्कार पनि आग्रा स्पोर्टले नै हात पारेको छ । प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टिमले नगद १५ हजार पुरस्कार पाएको छ । ५ वर्ष मुनिका नानीबाबुको लागि आयोजित लिटिल राधाकृष्ण प्रतियोगितामा लिटिल कृष्णतर्फ आयान्स कार्की र लिटिल राधातर्फ राजर्षी रायमाझी प्रथम भएका थिए ।

दिवान्सु रायमाझी र निर्भिक रायमाझी लिटिल कृष्णतर्फ क्रमश: दोस्रो र तेस्रो भए भने सुप्रीया बिष्ट र इयाना रायमाझी लिटिल राधातर्फ क्रमश: दोस्रो र तेस्रो भएको कार्यक्रम संयोजक नरेन्द्र लामाले जानकारी दिए ।

पालुङ सहरको पालुङ धिमे समूह र गोपालीगाउँको गोपाली धिमे समूहले बाजासहित लिटिल लाखे प्रदर्शन गरेका थिए । थाहा नगरपालिका-५ र ७ को तामाङ बोन्बो संरक्षण समूहको ढ्यांग्रो झाँक्री नाच, कुन्छाल महिला बाँसुरी समूह, ओखरबजार धिमे समूह, ऋषेश्वर खैंजडी महिला समूह, थाहा महिला तथा पुरुष खैंजडी भजन समूह र थाहा-२ को महिला पञ्चेबाजाको प्रदर्शनी गरिएको थियो ।

शिखरकोटमा आयोजित प्रथम थाहा फुड फेस्टिभल २०८२ मा तामाङ जातिको खेप्सा लगायत नेवारी परिकारका खानाका स्टल राखिएका थिए । मेलामा विभिन्न ख्यातिप्राप्त कलाकारको प्रस्तुति रहेको थियो । टिम टेलिभिजन मेलाको अफिसियल मिडिया रहेको थियो ।

# बागमतीका सबै पत्रकारको नि:शुल्क स्वास्थ्य बीमा गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका १३ जिल्लाका पत्रकारका लागि नि:शुल्क स्वास्थ्य बीमा लागू गर्ने भएको छ ।




भक्तपुरमा आयोजित कार्यक्रममा प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले प्रदेशभित्रका सबै पत्रकारलाई नि:शुल्क स्वास्थ्य बीमामा समेट्ने गरी बीमा कार्यक्रम लागू गरिने उल्लेख गरे । मन्त्री थापाले भने, 'पत्रकारको स्वास्थ्यप्रति हामी गम्भीर भएका काम गरिरहेका छौं, त्यसैले प्रदेशका १३ वटै जिल्लाका पत्रकारलाई स्वास्थ्य बीमाभित्र समेटेर बीमाबापतको प्रिमियम शुल्क प्रदेश सरकारले व्यहोर्ने गरी कार्यक्रम लागू गर्ने भएका हौं, त्यसका लागि बजेटको व्यवस्था गरिसकेका छौं ।'

उनले पत्रकार स्वास्थ्य बीमाका लागि मन्त्रालयले २० लाख रुपैयाँ बजेट चालु आर्थिक वर्षका लागि व्यवस्था गरेको जानकारी दिँदै यसका लागि कार्यविधि तयार भइरहेको बताए । बीमाको प्राविधिक पक्षलाई सरल, पारदर्शी र डिजिटलमैत्री बनाउँदै पत्रकारलाई पाँच जनाको परिवार मानेर समूहमा आबद्ध गराएर बीमाको प्रिमियम सरकारले तिर्नेगरी व्यवस्था गर्ने तयारी भएको उनले बताए । मन्त्री थापाले पत्रकारको स्वास्थ्य सुरक्षामा बीमाले दीर्घकालीनरुपमा सुधार ल्याउने विश्वास व्यक्त गरे ।

उनले स्वास्थ्यक्षेत्र सुधार गर्ने योजनाकारुपमा 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी, एक घण्टा मेरो लागि' अभियान, 'एक जिल्ला, एक स्वस्थ्य सहर' र 'एक स्थानीय तह, एक नमूना स्वास्थ्य संस्था' कार्यक्रम पनि यसैवर्षदेखि सञ्चालन हुने जानकारी दिए ।

मन्त्री थापाले १३ जिल्लाका १३ प्रादेशिक अस्पताल मात्रै नभइ अब दूरदराजका विकटक्षेत्रका नागरिकलाई सहज स्वास्थ्यसेवाको पहुँच पुऱ्याएर आमनागरिकले सरकार गाउँगाउँ पुगेको महसुस गर्नेगरी कार्ययोजना अगाडि बढाइएको बताए । स्वास्थ्य सामग्री, औषधि, उपकरण लिएर आफैं गाउँगाउँ पस्ने गरेको भन्दै उनले जनताले परिवर्तनलाई अनुभूति गर्नेगरी सबैले काम गर्नुपर्नेमा जोड दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना